# नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं फाल्गुन ११ गते ०१ साल

भाग ८

## मालपोत तथा वनविभागको सूचना

( बागमती अवाद गरेको जग्गा वझियो )

ललितपुर जाने बागमती पुलको केही तलदेखि पश्चिमतर्फ टेकुनेरको झोलुङ्गे पुलसम्ममा दक्षिणतर्फ बागमती अवाद भएबाट बागमतीको बाटो साङ्घ्रो भई वर्षाको बाढीमा पानी बढी घाटघाटै पानी हिंडी जुद्ध घाटदेखि लिएर टेकु-दोभानसम्मको घाट सत्तलहरू बिग्रन जाने भएको औ त्यहाँ बालुवा थुपारिदिएको र पारीपट्टि राजतीर्थ घाट अवादीदेखि भित्र पर्न गई घाटमा नुहाउने, बस्ने, धर्मकार्य गर्न आउने, घाट ल्याउने, सारा जनतालाई पीर बाधा पर्न गई प्राचीन-देखिको राजतीर्थ र धर्म कीर्ति संस्कृतिको समेत लोप हुने भएकोले उक्त अवादी गरेको जग्गा वझियोस् भन्ने सरकारी धेरै उच्च पदाधिकारीहरू र अरू गण्यमान्य व्यक्तिसमेत गरी जम्मा ४४ जवानले निवेदनपत्र दिनुभएकोले बुझ्दा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

निवेदकहरूको जिकीर मनासीब देखियो । हिन्दु धार्मिक संस्कृतिलाई बाधा र जनतालाई मर्का पर्नेसमेत उक्त विषय श्री ५ महाराजाधिराज तथा मौसूफका शान्ती परामर्शदाताहरूको सभामा पेश हुँदा सो वागमतीको अबादी जग्गा बफाउने निर्णय भयो ।

उमेश्वरलाल
— असिष्टेन्ट सेक्रेटरी.

गोरखापत्र छापाखानाबाट प्रकाशित

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।